नगर कार्यपालिकाको
बैठक संख्या: ५७, २०७९-२०८४
मिति २०८२/०२/०९ को
निर्णय प्रमाणित ...............

## कोहलपुर नगर कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक नं ५७, २०७९-२०८४)

मितिः २०८२ जेठ ९ गते

निर्णयहरु:

१. कोहलपुर नगरपालिकाको अघिल्लो कार्यपालिका बैठकमा भएका निर्णयहरुको कार्यान्वयन अवस्था सम्बन्धमा समीक्षा गरियो । कार्यपालिकाका निर्णयहरुको कार्यान्वियनमा सबै सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्ने ।

२. यस नगरपालिकामा उपभोक्ता समिति मार्फत हुने योजनाहरु कार्यान्वयनका सम्बन्धमा उपभोक्ता समिति गठन भई सञ्चालन हुने योजनाहरुको २०८२ जेठ ३० गते सम्म सम्झौता गर्ने र त्यसरी सम्झौता भएका योजनाहरुको २०८२ असार १५ गते सम्ममा कार्य सम्पन्न हुने गरी योजना कार्यान्वयन गर्ने/ गराउने ।

३. यस नगरपालिकाको सत्रौं नगरसभा मिति २०८२/०३/०७ गते देखि शुरु गर्ने/ एवं सभाको पहिलो बैठक २०८२ साल असार ७ गते शनिवार नगरपालिकाको सभाहलमा दिनको १:०० बजे गर्ने गरी मिति तोक्ने र निम्न अनुसारका एजेण्डा सहित सबै नगरसभा सदस्यहरुलाई जानकारी गराउने।

निम्नः

- कोहलपुर नगरपालिकाको आर्थिक विधेयक, २०८२
- कोहलपुर नगरपालिकाको विनियोजन विधेयक, २०८२
- आ.ब. २०८२/०८३ को बजेट, नीति तथा कार्यक्रम
- चालु आर्थिक वर्षमा नगर कार्यपालिकाले गरेका निर्णय एवं सिफारिस माथी छलफल
- समसायिक एवं दर्ता भएका प्रस्तावहरु उपर छलफल
- बडघर ऐन
- विविध विषयहरु ।

४. यस नगरपालिकामा हालसम्म निर्माण भएका कानूनहरु (ऐन, नियमावली, कार्यविधि, निर्देशिका) को अभिलेख व्यवस्थापन गरी एकिकृतरुपमा प्रकाशन गर्नका लागि आवश्यक प्रबन्ध मिलाउने ।

५. कोहलपुर नगरपालिकाको बाह्रौं स्थापना दिवसमा गठित समितिबाट पेश भए बमोजिम विभिन्न विधामा भएको खर्चको अनुमोदन गरी बजेट पुस्तिकाको सि.नं. ५०८ नगरपालिका स्थापना दिवस तथा अन्य दिवसीय कार्यक्रम शीर्षकबाट खर्च भएको रकम रु.९,३२,७८९।– भुक्तानी गर्ने ।

६. ईलाका प्रशासन कार्यालय, कोहलपुर बाँकेलाई ४(चार) वटा ईन्भर्टर ब्याट्री व्यवस्थापनका लागि सहयोग माग भई आएकोमा सि.नं. ४३ विभिन्न(सरकारी तथा गैरसरकारी) निकायहरुसँग समन्वय सहकार्य शीर्षकबाट बील बमोजिमको रकम रु.१,१२,०००।- भुक्तानी दिने ।

७. विपद व्यवस्थापन समितिको मिति २०८२/०२/०७ को निर्णय अनुमोदन गरी कार्यान्वयन गर्ने ।

८. आर्थिक विकास मिति २०८२/०२/०८ को निर्णय अनुमोदन गरी कार्यान्यन गर्ने ।

९. कोहलपुर वजार क्षेत्र विद्युत रोडदेखि हाईस्कुल क्षेत्र रत्न राजमार्गको सर्भिस लेनमा रहेका डिभाइडरहरुको व्यवस्थापन गर्न नगर प्रहरी तथा विपद व्यवस्थापन शाखा तर्फ विनियोजित सि.नं.

पुर्णप्रसाद आचार्य
नगर प्रमुख

५४३ र सि.नं. ५४४ बजार व्यवस्थापन तथा अतिक्रमण नियन्त्रण शीर्षकबाट भुक्तानी हुने गरी डिभाइडरहरु स्थानान्तरण कार्य गर्ने ।

१०. क) नीलसागर सेवाश्रम, कोहलपुर बाँकेको सहजीकरण तथा समन्वयमा यस नगरपालिकाका जनप्रतिनिधी तथा कर्मचारीहरुलाई योग, ध्यान तथा उत्प्रेरणात्मक कार्यक्रम गरिएकोमा उक्त कार्यक्रम गरे वापत सि.नं. ४३ विभिन्न(सरकारी तथा गैरसरकारी) निकायहरुसँग समन्वय सहकार्य शीर्षकबाट रु.१,००,०००।- भुक्तानी दिने ।

ख) बार्षिक बजेट पुस्तिकाको सि. नं. ५०९ नीलसागर सेवा आश्रमलाई सहयोग कार्यक्रम रु ५,००,०००।– को प्रस्तावना स्वीकृत गरी उक्त बजेट नीलसागर बृद्धआश्रमको नाममा भुक्तानी गर्ने ।

११. यस नगर कार्यपालिकाको मिति २०८१/०९/२५ को निर्णय नं. ५ मा यातायात कार्यालय कोहलपुरलाई कार्यालय व्यवस्थापनका लागि ३ थान डेस्कटप कम्प्युटर खरिद गरी हस्तान्तरण गर्ने निर्णय भएकोमा थप खरिद भएको प्रिन्टर Cannon 2900 समेत निर्णयमा छुट भएकाले सि.नं. ४३ विभिन्न(सरकारी तथा गैरसरकारी) निकायहरुसँग समन्वय सहकार्य शीर्षकबाट भुक्तानी दिने ।

१२. ईलाका प्रहरी कार्यालय, कोहलपुर बाँकेबाट उक्त कार्यालयको ना.१झ.१३५३ नं. को स्कारपियो गाडी मर्मतका लागि सहयोग माग भई आएकोमा सि.नं. ४३ विभिन्न(सरकारी तथा गैरसरकारी) निकायहरुसँग समन्वय सहकार्य शीर्षकबाट उक्त कार्यका लागि रु.२,००,०००।- उपलब्ध गराउने।

१३. कोहलपुर १४ हवलदार स्थित अस्थायी प्रहरी चौकी को भान्छा कोठा व्यवस्थापनका लागि सि.नं. ९६ भैपरी आउने पुँजीगत शीर्षकबाट उक्त कार्यका लागि रु.३,००,०००।- उपलब्ध गराउने ।

१४. सशस्त्र प्रहरी बल नेपाल नं. ४२ रिजर्भ गण हे.क्वा., शम्सेरगञ्ज बाँकेको गण परिसर भित्र रहेका पुराना भौतिक संरचनाहरुको मर्मत सम्भार तथा गणको पेरिमिटिर भित्र रहेको कच्ची सड्कहरु ढलान गरी पक्की गराउने कार्यका लागी भैपरी आउने पुँजिगत शीर्षकबाट निर्माण सामाग्री खरिदका लागी रु.९४,०००।– उपलब्ध गराउने ।

१५. सशस्त्र प्रहरी बल नेपाल नं. ३० गण हे.क्वा., बागेश्वरी बाँकेको परिसर भित्र पेरिमिटर पोष्टहरु तथा भवनहरु मर्मत तथा प्लाष्टर कार्यका लागि भैपरी आउने पुँजिगत शीर्षकबाट निर्माण सामाग्री खरिदका लागी रु.९७,०००।– उपलब्ध गराउने ।

१६. यस नगर कार्यपालिकाको कार्यालयको प्राविधिक कर्मचारीले प्रयोग गर्दै आएको देहायका सवारी साधन(मोटरसाईकल)हरुको मर्मत गरे वापत श्री एस.के. अटो पार्टस, कोहलपुरलाई भुक्तानी गर्ने ।

क) भे.१ब. १७६५ को मर्मत गरे वापत रु.८,९५०।-

ख) भे.१ब. १४२२ को मर्मत गरे वापत रु.५,०००।-

१७. यस नगरपालिकाको बजेट पुस्तिकाको पेज नं. १७७, सि.नं. ३०० ज्ञानज्योति मा.बि. मा सामाग्री सहयोगमा रु.४(चार) लाख विनियोजन भएकोमा उक्त सामाग्री खरिदका लागि अपुग रकम रु. २३,०००।– भैपरी आउने पुँजिगतबाट भुक्तानी दिने ।

पुर्णप्रसाद आचार्य
नगर प्रमुख

१८. कोहलपुर नगरपालिका वडा नं. १४ बस्ने नोख बहादुर राम्जा पुन मगर शारीरिकरुपमा अशक्त रहेकोले ईलेक्ट्रिक सिलाईकटाई मेशिन सहयोगका लागि १४ नं. वडा कार्यालयको सिफारिस पत्र प्राप्त भएकोमा निजलाई १(एक) थान सिलाई कटाई मेशिन भैपरी आउने चालु शीर्षकबाट रु.४५,०००।– मा नबढने गरी खरिद गरी उपलब्ध गराउने ।

१९. कोहलपुर नगरपालिकामा रहेका सामुदायिक तथा सार्बजनिक गुठी विद्यालयमा कार्यरत आधारभूत तहका शिक्षकहरुका लागि बहुकक्षा बहुस्तर शिक्षण सिकाई पद्धतिमा आधारित एकिकृत पाठ्यक्रममा आधारित कस्टमाइज्ड ५ दिने तालिम सञ्चालनका लागि सि.नं. ४२९ शिक्षा विकास तथा अनुसन्धान केन्द्र सञ्चालन तथा व्यवस्थापनबाट रु.५(पाँच) लाख र सि.नं. ४३० शिक्षा विकास तथा अनुसन्धान केन्द्र मार्फत शिक्षक तालिम सञ्चालन तथा व्यवस्थापनबाट रु.१(एक) लाख गरी जम्मा रु.६(छ) लाखबाट उक्त कार्यक्रम सञ्चालन गर्ने ।

२०. विद्यालयमा करारमा खेलकुद प्रशिक्षक छनौट सम्बन्धी कार्यबिधी २०८१ को दफा ५ को खेलकुद प्रशिक्षकका लागि आवश्यक न्युनतम योग्यता अन्तर्गत बुँदा 'च' मा आंशिक संशोधन गरी 'सम्बन्धित खेलकुद विधामा कम्तिमा पनि ३ वर्षदेखि खेलकुद संचालन गरेको प्रमाणपत्र तर क्रिकेट खेलको हकमा राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतियोगिता वा तालिम एवं कुनै भुमिकामा रही कार्य गरेको' भन्ने व्यवस्था राख्ने ।

२१. कोहलपुर नगर ईसाई समाज, कोहलपुर, बाँकेले अन्तिम संस्कारको लागी वडा नं. ८ मा डुडुवा खोलाको छेउमा रहेको जग्गा उपलब्ध गराईदिनु हुन भनी पत्र प्राप्त भएकोमा सम्बन्धीत वडाको सर्बदलिय एवं सर्बपक्षिय भेलाबाट निर्णय भई आएमा सिफारिस भए बमोजिमको स्थानमा जग्गा उपलब्धताका लागि सिफारिस गर्ने ।

२२. कोहलपुर नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयका आधारभूत तहका अंग्रेजी भाषा शिक्षकहरुका लागि ३(तीन) दिने कार्यशालाका लागि नेल्टा(Nepal English Language Teacher's Association Banke) लाई सि.नं. ४१४ लेखा व्यवस्थापन तालिम(सामुदायिक तथा संस्थागत विद्यालय) शीर्षकबाट रु.१(एक) लाख उपलब्ध गराउने ।

२३. कोहलपुर नगरपालिका वडा नं. ३ बस्ने रिजवान वकस मियाको भाई फिरोज बक्स मेरुदण्ड ट्युमर रोगबाट ग्रसित भई उपरारथ रहेकोमा निजको घरको आर्थिक अवस्था समेत एकदमै कमजोर रहेकोले आर्थिक सहयोगको सिफारिस सहित ३ नं. वडा कार्यालयको च.नं. ४२६९ मिति २०८२/०१/३१ को पत्र प्राप्त भएकोमा निजको औषधी उपचारका लागि रु. ५१,०००।- आर्थिक सहायता उपलब्ध गराउने ।

२४. भूमि समस्या समाधान आयोग, जिल्ला समिति बाँकेको च.नं. २५ मिति २०८१/११/०२ को कार्यालय सामाग्री सहयोग सम्बन्धी पत्रानुसार सोफा, टेबुल र चियर लगायतका सामाग्री खरिद वापत भूमी आयोगको कामकाजका लागि विनियोजित बजेटबाट रु.६५,५४०।– भुक्तानी दिने एवं सोही कार्यालयको च.नं. २५ मिति २०८२/०१/२६ को प्राप्त पत्रानुसार भूमि आयोगको जिल्ला समितिद्वारा सम्पन्न हुने कार्यका लागि आवश्यक पर्ने बजेट प्रदेश तथा स्थानीय तहले समेत सहयोग उपलब्ध गराउने व्यवस्था रहेकाले यस नगरपालिकासँग आर्थिक सहयोग माग गरिएकोमा सो कार्यालयको माग बमोजिम १५० लि. पेट्रोल रु.२५,०००।– बराबरको इन्धन उपलब्ध



पुण्यप्रसाद आचार्य
नगर प्रमुख

गराईसकेकाले थप रकम रु ३,१७,४६०।- भूमी आयोगको कामकाजका लागि बिनियोजित बजेट तर्फबाट उपलब्ध गराउने ।

२५. यस नगरपालिकामा रहेको भूमि सम्बन्धी कामकाजका लागि कार्यालयको कार्यदिश बमोजिम कामकाज गरेका कर्मचारीहरुलाई अतिरिक्त समय काम गरे वापत भूमि सम्बन्धी सहजीकरण समितिको सिफारिस बमोजिम नियमानुसार भत्ता उपलब्ध गराउने ।

२६. दलित वर्ग लक्षित परम्परागत आरण पेशा प्रवर्धनका लागि सिप विकास तालिम सञ्चालनका लागि सम विकासका लागि सामाजिक अभियान, कोहलपुर २ बाँकेसँग सम्झौता गरी कार्यान्वयन गर्ने/गराउने ।

२७. वार्षिक नीति, बजेट तथा कार्यक्रम पुस्तिकाको सि.नं. ४३८ राम मा.बि.का लागि क्याटलग सपिङ बिधिबाट स्कुल बस खरिद प्रक्रिया भएको र उक्त खरिद प्रक्रियामा सहभागी सप्लायर्स वतास कम्पनी र कार्यालय बीच मिति २०८१/०८/०९ गतेको सम्झौतामा उल्लेख भए बमोजिम २०८१ माघ ३० गतेभित्र स्कुल बस उपलब्ध गराउने शर्त भएतापनि उक्त सप्लायर्सले एल.सि.(Letter of Credit) हालसम्म नखोलेको र पटक पटक जानकारी गराउँदा कुनै पनि प्रतिक्रिया नजनाएकाले राम मा.बि. विद्यालयले एल.सि. प्रक्रिया थालनी गर्न खोज्दा कृषि विकास बैंक, कोहलपुर शाखाले ११०% धरौटी जम्मा गर्नुपर्ने जनाएको हुँदा उक्त सम्झौता रद्द गरी उक्त सप्लायर्सलाई कालो सूचीमा राखी धरौटी जफत गर्ने । उक्त विद्यालयलाई स्कुल बस खरिद प्रक्रिया विद्यालयबाटै शुरु गर्न निर्देशन दिने र सो बमोजिम आगामी आ.ब. २०८२/०८३ मा खरिद प्रक्रिया पुरा गरी रकम माग भएमा भुक्तानी दिने ।

२८. यस नगरपालिका अन्तर्गत रहेका विद्यालयहरुलाई क्याम्पस, पुस्तकालय, विद्यालय तथा अन्य धार्मिक तथा सामाजिक स्थलहरुमा विविध पूर्वाधार निर्माण तथा गुणस्तर अभिबृद्धि कार्यक्रम शीर्षकबाट देहायको कार्यका लागि रकम उपलब्ध गराउने ।

क) श्री लक्ष्मी मा.बि., कोहलपुर २, बर्दहवामा शुद्ध खानेपानीका लागि फिल्टर खरिद एवं जडान कार्यका लागि रु.३,००,०००।-

ख) श्री जनता मा बि मैटहवा, कोहलपुर ३ मा शुद्ध खानेपानी चिस्याउने मेशिन खरिद एवं जडान कार्यका लागि रु.३,००,०००।-

ग) श्री शिवशक्ति नमुना आधारभूत विद्यालय, कोहलपुर २, प्रेमनगरमा डेस्क, बेन्च एवं दराज खरिद कार्यका लागि रु.१,५०,०००।-

घ) श्री जन ज्ञान ज्योति माध्यमिक विद्यालय, कोहलपुर १ को विद्यालयमा जिप्सन राख्ने कार्यका लागि थप रु.१,२५,०००।–

ङ) श्री सृजना बाल प्रा.बि., कोहलपुर १४ को विद्यालय प्राङ्गण भित्र पार्किङ ट्रस निर्माणका लागि रु.२(दुई) लाख उपलब्ध गराउने भनी कार्यपालिकाबाट मिति २०८२/०१/२३ गते निर्णय भएकोमा सो लाई संशोधन गरी रु.१,५०,०००।– बाट ट्रस निर्माण कार्य गर्ने र रु.५०,०००।– बाट डेस्कटप कम्प्युटर, प्रिन्टर खरिद गरी हस्तान्तरण गर्ने ।

पूर्णप्रसाद आचार्य
नगर प्रमुख

नगर कार्यपालिकाको
बैठक संख्या: ५७, २०७९-२०८४
मिति २०८२/०२/०९ को
निर्णय प्रमाणित ...............

२९. कोहलपुर नगरपालिका, नगर कार्यपालिकाको मिति २०८१/१२/२७ गते प्रकाशित अन्तिम नतिजा बमोजिम बैकल्पिकमा सिफारिस कोहलपुर १५ बस्ने श्री राज कुमारी थारुलाई नगर अस्पतालमा रिक्त कार्यालय सहयोगी पदमा २०८२ असार मसान्तसम्म करार सम्झौता गरी कामकाज गराउने।

३०. महेन्द्र राजमार्गदिखि सरस्वती सामुदायिक वन डम्पिङ् साइडसम्म जाने बाटो स्तरोन्नतीका लागी भैपरी आउने पुँजिगत शीर्षकबाट थप रु.५(पाँच) लाख उपलब्ध गराउने ।

३१. कोहलपुर न.पा. वडा नं. ५ पृथ्वीनगर रमा शाहको घरदेखि लोक प्रसाद भट्टराईको घरसम्म बाटोमा ग्राभेल र माटो पटानका लागि भैपरी आउने पुँजिगत शीर्षकबाट रु.२(दुई) लाख उपलब्ध गराउने ।

३२. श्री शहिद स्मृती अध्ययन केन्द्र, कोहलपुर बाँके बाट फर्निचर समाग्री खरिदका लागि माग भई खरिद भएको हुदाँ सि.नं. ४३ विभिन्न(सरकारी तथा गैरसरकारी) निकायहरुसँग समन्वय सहकार्य शीर्षकबाट जम्मा रु. १,१५,४९६।१७ रकम फर्निचर सामाग्री खरिद गरी उपलब्ध गराउने।

३३. कोहलपुर नगर अस्पतालका लागि आवश्यक सर्जिकल सामाग्री, रिएजेन्ट, केमिकल लगायत अन्य औषधी खरिदका लागी बार्षिक नीति, बजेट तथा कार्यक्रम पुस्तिकाको सि.नं. ४५१ नगर अस्पतालको पुर्वाधार विकास, संचालन तथा व्यवस्थापन र सि.नं. ४५२ नगर स्वास्थ्य प्रबर्द्धन केन्द्रको पुर्वाधार विकास संचालन तथा व्यवस्थापन शीर्षकबाट आवश्यक सामाग्री खरिद व्यवस्थापन गर्ने ।

३४. विभिन्न धार्मिक मन्दिर तथा संघसंस्थाबाट आर्थिक सहयोग माग भई आएकोमा श्री सिद्धेश्वर महादेव मन्दिर, कोहलपुर २ पुष्पनगर, मा भौतिक संरचना निर्माणका लागि सि.नं. २९ धर्म कला संस्कृति संरक्षण कार्यक्रम शीर्षकबाट रु.३(तीन) लाख उपलब्ध गराउने ।

३५. शिलालेख मल्टिमिडिया प्रा.लि., बैजनाथ ४, बाँकेसँग डिजिटल पत्रकारिता तालिम सम्बन्धी कार्यक्रमका लागि भैपरी आउने चालु शीर्षकबाट रु.३(तीन) लाख उपलब्ध गराउने ।

३६. थारु कल्याणकारीणी सभा, जिल्ला शाखा, बाँकेले च.नं. १७ मिति २०८२/०२/०८ को पत्र मार्फत सिफारिस माग गरेकोमा कोहलपुर नगरपालिका वडा नं. ११ बगियामा दक्षिण तर्फ महिला संजालको भवन, पश्चिम तर्फ पक्की सडक, उत्तर तर्फ महिला उपकार मंचको भवन रहेको साबिक चटार ३ग, कि.नं. ७८, क्षेत्रफल अं. १० धुर जग्गा थारु कल्याणकारिणी सभा, जिल्ला शाखा, बाँकेले उपभोग गर्दै आएकोले सो संस्थाको नाममा स्वामित्व कायम हुने गरी आवश्यक प्रकृया अगाडी बढाउन श्री जिल्ला प्रशासन कार्यालय, बाँकेमा सिफारिस गर्ने।

३७. कोहलपुर न.पा. वडा नं. १५ चन्नहवा पेडारी नालामा अस्थायी काठे पुल निर्माणका लागि भैपरी आउने पुँजिगत शीर्षकबाट रु.२,००,०००।- उपलब्ध गराउने ।

३८. रोजगार सेवा केन्द्र कोहलपुर तर्फ प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि युवा सहजकर्ता पदमा नियुक्त भई काम गरिरहेकी पार्वती अधिकारीको सम्झौता २०८२ जेष्ठ २० गते समाप्त हुने हुँदा काम निरन्तर रहेकोले निजको सम्झौता २०८२ साल असार मसान्त सम्म थप गरी नगरपालिकाले दायित्व लिने निर्णय गरियो ।

३९. यस नगर कार्यपालिकाको मिति २०८१/११/१८ गतेको बैठकबाट बास नेपालले पेश गरेको राजस्व सुधार कार्यक्रम प्रस्तावना स्वीकृत गरी कार्यान्वयन गर्ने भनी निर्णय भएकोमा उक्त कार्यक्रम



पुर्णप्रसाद आचार्य
नगर प्रमुख

नगर कार्यपालिकाको
बैठक संख्याः ५७, २०७९-२०८४
मिति २०८२/०२/०९ को
निर्णय प्रमाणित ................

गरे वापत आ.ब. २०८१/०८२ को वार्षिक नीति, बजेट तथा कार्यक्रम पुस्तिकाको सि.नं. ३७ "राजस्व अभिबृद्धि कार्यक्रम" शीर्षकबाट भुक्तानी दिने ।

४०. शम्सेरगञ्ज खानेपानी तथा सरसफाई उपभोक्ता समिति, कोहलपुर १४ हवल्दारपुर, बाँकेलाई पाईपलाइन बिस्तार लगायत संरचना निर्माणका लागि सि.नं. १०७ खानेपानी पुर्वाधार साझेदारी शीर्षकबाट रु.३,५०,०००।– उपलब्ध गराउने ।

४१. बासुदेव शाहीको घरदेखि नालासम्म नाली निर्माण र मैटहवा ३ नं. चोकदेखि भुषाल चोकसम्म बाटो स्तरोन्नती, कोहलपुर ३ का लागी सि.नं. ९१ नगर स्तरीय पुर्वाधार निर्माण शीर्षकबाट रु.५(पाँच) लाख उपलब्ध गराउने ।

४२. कुल प्रसाद श्रेष्ठको घरदेखि अच्युत भण्डारीको घरसम्म आर.सि.सि. र सितल थोपा देखि उत्तर बाटो निर्माण, कोहलपुर १० का लागि सि.नं. १०४ विभिन्न वडामा बाटो स्तरोन्नती शीर्षकबाट रु.६,५०,०००।- उपलब्ध गराउने ।

४३. मिति २०८१/०९/०९ गतेदेखि ऐ. २१ गतेसम्म कोहलपुर-११ न्युरोड स्थित खुल्ला मंचमा नेपाल आदिवासी जनजाती महासंघ कोहलपुर नगर समन्वय परिषद बाँके द्वारा महोत्सव संचालन गरिएकोमा कार्यक्रम संचालनको क्रममा खुला मैदानको पुर्वी किनारामा लगाइएको व्लकको फुटपाथ आयोजकले सामान ढुवानीको क्रममा ह्याभी गाडीको प्रयोग गरी क्षति हुन गएकोले उक्त फुटपाथ मर्मतको लागि पटक पटक ताकेता गर्दा समेत आयोजक पक्ष सम्पर्कमा नआएको र मर्मत समेत नगरेको हुंदा उक्त क्षति भएको भागको प्राविधिक इष्टिमेट गराई आयोजकले जम्मा गरेको धरौटी रकम जम्मा गरी सोही धरौटी बाट मर्मत गराउनका लागि कोहलपुर नगर विकास समितिको कार्यालयबाट माग भई आएकाले धरौटीबाट हुने गरी बील बमोजिमको रकम कोहलपुर नगर विकास समिति लाई उपलब्ध गराउने ।

४४. कोहलपुर ५ दिपक विष्टको घर अगाडी सडक स्तरोन्नती कार्यका लागि सि.नं. ९१ नगर स्तरीय पुर्वाधार निर्माण शीर्षकबाट शीर्षकबाट रु.१,५०,०००।– उपलब्ध गराउने ।

४५. यस नगरपालिका अन्तर्गत विभिन्न स्थानमा नाली निर्माणका लागि सि.नं. १०३ विभिन्न वडामा नाली निर्माण शीर्षकबाट देहाय बमोजिमका योजनाहरुको लागि रकम उपलब्ध गराउने ।

क. भिम बहादुर थापाको घरदेखि भगवती बस्नेतको घरसम्म अधुरो नाली निर्माण, कोहलपुर ९ को लागि रु.१०(दस) लाख ।

ख. कोहलपुर न.पा. ६ बालबिद्या टोलमा रहेको कैलास खत्रीको घरदेखि अर्जुन बुढाथोकीको घरसम्म नाली निर्माणका लागि रु.४,५०,०००।-

ग. रंगिला चोक महेन्द्र राजमार्गदेखि चन्नहवा जाने बाटोमा नाली निर्माण, कोहलपुर १५ का लागि रु.१०(दस) लाख ।

घ. बिश्वेश्वर उपाध्यायको घरदेखि देवी थापाको घरसम्म पक्की नाली निर्माण, कोहलपुर ११ को लागि रु.२,७८,०००।– उपलब्ध गराउने ।

पुर्णप्रसाद आचार्य
नगर प्रमुख

नगर कार्यपालिकाको
बैठक संख्या: ५७, २०७९-२०८४
मिति २०८२/०२/०९ को
निर्णय प्रमाणित ................

४६. यस कोहलपुर नगरपालिका अन्तर्गत नगर अस्पतालमा विज्ञका रुपमा कामकाज गर्ने गरी डा. प्रतिभा भण्डारीलाई अधिकृत स्तर आठौं तहको सेवा सुविधा उपलब्ध हुने गरी मासिक ज्यालादारीमा कामकाज लगाउने । निजलाई प्रोत्साहन वापत शुरु तलव स्केलको २५% रकम र आवास सुविधा समेत उपलब्ध गराउने ।

४७. कोहलपुर चौराहको सौन्दर्यीकरणका लागि चौराहको चारै दिशामा रहने गरी २(दुई) वटा पुर्ण कदको बाघको मूर्ति, १(एक) वटा हात्तिको मूर्ति र १(एक) वटा चौकाको फाईबरको मूर्ति राख्नको लागि सि.नं. ११३ शहरी सौन्दर्यीकरण शीर्षकबाट आवश्यक बजेट व्यवस्थापन गरी खरिद प्रक्रिया अगाडी बढाउने ।

४८. दलित उत्थान मुक्ति समाज, कोहलपुर न.पा. १ ले दलित समुदायको नेतृत्व विकास तथा अन्तर जातीय विवाह सम्बन्धी समस्या तथा कठिनाई सम्बन्धी सचेतना कार्यक्रमका लागि कार्यपालिकाको मिति २०८१/१२/१५ मा रु.१(एक) लाख उपलब्ध गराउने निर्णय भएकोमा उक्त कार्यक्रम गरे वापतको भुक्तानी सि.नं. ५१६ लक्षित समुदायको अधिकार अभिमुखिकरण कार्यक्रम शीर्षकबाट दिने।

४९. जिल्ला स्तरिय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा कोहलपुर नगरपालिकाको सहभागी खेलाडीहरुको पोशाक, इन्ट्रि शुल्क, खाजा नास्ता खाना, प्रशिक्षक भत्ता, यातायात खर्च वापतको रकम भैपरी आउने चालु खर्च शिर्षकबाट रु. ५,५०,०००।– भुक्तानी गर्ने ।

५०. यस नगरपलिकामा चालु आ.ब. २०८१/०८२ मा सञ्चालित देहायका योजनाहरुलाई बहुबर्षीय योजनाको रुपमा सञ्चालन गर्ने ।

<u>तपसिल</u>

| क्र.स | योजनाको नाम | कैफियत |
|---|---|---|
| १ | वडा नं. २ मा रहेका विभिन्न बाटोहरुको स्तरोन्नती | |
| २ | वडा नं. १२ शान्ति टोलमा अधुरो नाली निर्माण | |
| ३ | वडा नं. ८ विक्रम पौडेलको घर सम्म अधुरो आर.सि.सी. बाटो निर्माण | |
| ४ | शान्ति नगर दुर्गा मन्दिर देखि कमल पाठकको घर हुँदै पश्चिम सडकमा पक्की नाली निर्माण तथा सडक स्तरोन्नती कोहलपुर ५ | |
| ५ | पेन्सन क्याम्प शिव शिखर जडिबुटी पूर्व उत्तर जाने बाटोमा आर.सि.सि. ढलान तथा अधुरो नाली निर्माण, कोहलपुर ११ | |

पूर्णप्रसाद आचार्य
नगर प्रमुख

नगर कार्यपालिकाको
बैठक संख्याः ५७, २०७९-२०८४
मिति २०८२/०२/०९ को
निर्णय प्रमाणित ................

५१. आ.ब. २०८१/०८२ को वडातर्फको सिलिङ्बाट छनौट गरिएका देहायका योजनाहरुको संशोधनका लागि वडा समितिबाट निर्णय भै आएकोले आगामी नगरसभाबाट अनुमोदन हुने गरी स्वीकृत गर्ने ।

**वडा नं. १० (वडा समितिबाट विभिन्न मितिमा निर्णय भएको)**

| सि.नं. | साविक योजना/ कार्यक्रमको नाम | संशोधित योजनाको नाम | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | भैपरी आउने विविध खर्च(सि.नं. २६६) रु.३ लाख बाट | बिजय थारुको घरदेखि जीवन ज्योति स्कुलको उत्तर पुर्व कर्नरसम्म सडक स्तरोन्नती | २,००,००० | २०८१/१२/३१ |
| | | चटार टोलमा सडक स्तरोन्नती | ६५००० | |
| २ | वडाको तथ्याङ्क संकलन (सि.नं.२६७) | कृषकहरुलाई खोर निर्माणका लागि सामाग्री वितरण तथा तालिम संचालन | १,००,००० | २०८२/०२/०४ |
| ३ | कृषि तथा पशु सम्बन्धी साझेदारी कार्यक्रम अन्तर्गत बाख्राको खोर बितरण (सि.नं.२६२) | कृषकहरुलाई खोर निर्माणका लागि सामाग्री वितरण तथा तालिम संचालन | ३,००,००० | |
| २ | रचना शाहीको घरदेखि पूर्व सीता गौतमको घर हुँदै दिपक रोकायको घरसम्म पक्की नाली निर्माण (सि.नं. २७६) मध्येबाट | कोहलपुर नगरपालिका वडा नं. १० अन्तर्गत एकतानगर सडक स्तरोन्नती | २,९८,००० | २०८२/०२/०८ |

**वडा नं. ७ (वडा समितिको मिति २०८२/०१/२५ मा निर्णय भएको)**

| सि.नं. | साविक योजना/ कार्यक्रमको नाम | संशोधित योजनाको नाम | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | सूचना प्रशासन, सञ्चार तथा विविध खर्च (सि.नं. २१३) रु.५ लाख मध्ये | शहरी स्वास्थ्य केन्द्र कोहलपुर ७ मार्फत छाला तथा जनरल स्वास्थ्य शिविर संचालन | २,००,००० | |

**वडा नं. १४ (वडा समितिको मिति २०८२/०२/०८ मा निर्णय भएको)**

| सि.नं. | साविक योजना/ कार्यक्रमको नाम | संशोधित योजनाको नाम | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | विपद व्यवस्थापन | वडा कार्यालयमा ईन्भटर खरिद र वायरिङ मर्मत सम्भार | १,००,००० | |



पुर्णप्रसाद आचार्य
नगर प्रमुख

नगर कार्यपालिकाको
बैठक संख्या: ५७, २०७९-२०८४
मिति २०८२/०२/०९ को
निर्णय प्रमाणित ................

**वडा नं. ९ (वडा समितिको मिति २०८२/०२/०९ मा निर्णय भएको)**

| सि.नं. | साविक योजना/ कार्यक्रमको नाम | संशोधित योजनाको नाम | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | करेसा बारी तथा कृषि सम्बन्धी तालिम कार्यक्रम (सि.नं. २४३) | ह्युमपाइप जडान तथा माटो, ग्राभेल पटान | ३,००,००० | वडा समितिको मिति २०८२/०२/०९ को निर्णय |
| | लक्षित वर्गका कार्यक्रम एवं सिपमुलक तालिम कार्यक्रम (सि.नं. २४९) | | | |
| २ | स्वास्थ्य शिविर संचालन (सि.नं.२५१) को रु.१ लाख मध्ये | सिपमुलक कार्यक्रम | ८०,००० | |

**वडा नं. २ (वडा समितिको विभिन्न मितिको निर्णय)**

| सि.नं. | साविक योजना/ कार्यक्रमको नाम | संशोधित योजनाको नाम | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | आधारभुत स्वास्थ्य केन्द्र आवश्यक सामाग्री खरिद/ मर्मत(सि.नं. १२९/१३०) | वडा नं. २ भित्रका महिलाहरुको लागि एडभान्स ब्युटिपार्लर तालिमका लागि अपुग रकम अप्सु ब्युटिपार्लर एण्ड ट्रेनिङ सेन्टर, कोहलपुर ११ लाई भुक्तानी | १,००,००० | मिति २०८२/०२/०६ को निर्णय |
| २ | सामाजिक संस्कृत विकास / धर्म जागरण सम्बन्धी कार्यक्रम (सि.नं.१३५) | स्काई हव प्रा.लि., को.न.पा. ११ | ८००० | |
| | | संगम मिडिया, को.न.पा. २ | १२००० | |
| | | साहारा टि.भि. कोहलपुर | ५००० | |
| | | सामुदायिक रेडियो प्रतिबोध एफ एम को.न.पा. ११ | २०००० | |
| ३ | भैपरी आउने तथा विविध (सि.नं. १३१) बाट | श्री लक्ष्मी मा.बि., कोहलपुर २ मा प्लास्टिक कुर्सी एवं कम्प्यूटर प्रिन्टर खरिद | १,००,००० | मिति २०८२/०२/०८ को निर्णय |

**वडा नं. १५ (वडा समितिको मिति २०८२/०२/०७ मा निर्णय भएको)**

| सि.नं. | साविक योजना/ कार्यक्रमको नाम | संशोधित योजनाको नाम | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | पारेनीपुर टोलमा कलभर्ट मर्मत तथा संभार (सि.नं. ३६० र ३६१) बाट | वडाको विभिन्न टोलहरुमा ह्युमपाईप खरिद तथा जडान | १,५०,००० | |



पूर्णप्रसाद आचार्य
नगर प्रमुख

नगर कार्यपालिकाको
बैठक संख्या: ५७, २०७९-२०८४
मिति २०८२/०२/०९ को
निर्णय प्रमाणित ................

कोहलपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोहलपुर, बाँके लुम्बिनी प्रदेश, नेपाल

| वडा नं. ११ (वडा समितिको मिति २०८२/०२/०४ मा निर्णय भएको) | | | | |
|---|---|---|---|---|
| सि.नं. | साविक योजना/ कार्यक्रमको नाम | संशोधित योजनाको नाम | रकम रु. | कैफियत |
| १ | स्वास्थ्य शिविर (सि.नं.२८४) रु.२ लाख मध्ये | वडा कार्यालयको लागि ए.सि. खरिद | १,००,००० | |
| **वडा नं. ३ (वडा समितिको मिति २०८१/१२/०३ मा निर्णय भएको)** | | | | |
| सि.नं. | साविक योजना/ कार्यक्रमको नाम | संशोधित योजनाको नाम | रकम रु. | कैफियत |
| १ | भैपरी आउने खर्च र सूचना प्रकाशन (सि.नं. १४५) रु.३ लाख मध्ये | विद्युतीय पानी फिल्टर मेशिन खरिद | २५,००० | |
| **वडा नं. १२ (वडा समितिको मिति २०८२/०२/०७ मा निर्णय भएको)** | | | | |
| सि.नं. | साविक योजना/ कार्यक्रमको नाम | संशोधित योजनाको नाम | रकम रु. | कैफियत |
| १ | आधारभुत स्वास्थ्य केन्द्रलाई आवश्यक सामाग्री खरिद(सि.नं. २९७ र २९८) | एसी (जडान) खरिद | ५०,००० | |

पूर्णप्रसाद आचार्य
नगर प्रमुख